# उच्च अदालत तुलसीपुर,नेपालगञ्ज इजलास

## संयुक्त इजलास

माननीय न्यायाधीश श्री पवन कुमार शर्मा न्यौपाने

माननीय न्यायाधीश श्री गोकर्ण डाँगी

## आदेश

०७६-RE-०२३९ को निवेदन प्रतिवेदन तथा सो प्रतिवेदन विचाराधीन अवस्थामा रहेका बखत पर्न आएको ०७६-AP-०२४८ को निवेदन समेत अध्ययन गरि निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिबक्ता श्री गणेश प्रसाद शर्मा र विपक्षी वादी नेपाल सरकारको तर्फबाट उपस्थित उच्च सरकारी वकिल कार्यालय नेपालगञ्जका विद्वान सह न्यायाधिवक्ता श्री दमनसिंह बिष्टले गर्नु भएको बहस समेत सुनियो।

**श्री बाँके जिल्ला अदालत**

यसमा पीडित परिवर्तित नाम संकेत ६५ कोहलपुर (फ-१) ले मौकामा गरेको कागज र अनुसन्धानको क्रममा भएको यौनजन्य अपराध सम्बन्धी शारीरिक परीक्षण प्रतिवेदनमा उल्लेखित बेहोरा फरक फरक हुनुका साथै पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेखित अन्य बेहोरा,प्रतिवादी परिवर्तित नाम हसनापुरले अदालत समक्ष गरेको बयान समेतका तत्काल प्राप्त आधार प्रमाणहरुबाट यी प्रतिवादीलाई मुद्दा पुर्पक्षका लागि बाल सुधार गृहमा नै पठाउने सम्मको मनासिव आधार रहे भएको नदेखिँदा ताहा अदालतबाट मिति २०७६।१०।०९ मा भएको आदेश बेरीतको देखिँदा बदर गरिदिएको छ।

अब कोरना भाईरस (Covid-19) को प्रकोप विश्वव्यापी महामारीको रुपमा फैलदै गएको र नेपाल भरीमा पनि त्यसको संक्रमणको सम्भावना देखिएको बर्तमान परिस्थितिलाई मध्यनजर गर्दै सम्मानित सर्वोच्च अदालतबाट मिति २०७६।१२।०७ र मिति २०७६।१२।१२ मा प्रांप्त परिपत्र समेतको परिप्रेक्षमा यी प्रतिवादी रहे भएको बालसुधार गृहको भौतिक अवस्था र उक्त बाल सुधार गृहमा हाल रहेको नाबालकहरुको संख्या समेतबाट बाल न्यायको आधारभुत मान्यता अनुरुप बालबालिकाको सर्वोत्तम हितलाई हेर्दा हाल बाल सुधार गृहमा राख्न उपयुक्त नहुने भएकोले पछि ठहरे बमोजिम हुने गरि हाललाई यी प्रतिवादी परिवर्तित नाम हसनापुर लाई बालबालिका सम्बन्धि ऐन,२०७५ को दफा २४(३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम यी प्रतिवादीको बाबु,आमा वा परिवारका अन्य सदस्यलाई जिम्मा लगाई कानुन बमोजिम गर्नु।

न्यायाधीश २०७६।१२।१२      न्यायाधीश २०७६।१२।१२

इति सम्वत २०७६ साल चैत्र १२ गते रोज ४ शुभम्------------------------------।